# बालसहभागिताको अधिकार:
# केही अवधारणा र कानूनी व्यवस्था




चन्द्रिका खतिवडा, बालअधिकार तथा कानून अध्येता

इन्स्टिच्युट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सी, chandrika.khatiwada2@gmail.com

# बालबालिकाको विशेष अवस्थ र विशेष अधिकारको सन्दर्भ...

- शारीरिक परिपक्वता
  - शारीरिक अङ्गको विकास
  - मस्तिष्कको विकास
- मानसिक वा मनोसामाजिक परिपक्वता
  - सोच्ने क्षमताको विकास
  - कार्यको परिणाम बुझ्ने क्षमताको विकास

- सामाजिक मान्यता
- राजनैतिक मान्यता
- धार्मिक मान्यता

- कानूनी मान्यताको विकास
- अन्तराष्ट्रिय कानून वा मानवअधिकार कानूनको दृष्टिकोण
- कानूनी संरक्षण र विशेषाधिकार





# बालअधिकारसम्बन्धी महासन्धि, १९८९ मा व्यवस्था भएका बालअधिकार

## बालअधिकारका प्रावधानहरू

१.बालबालिकाको परिभाषा

२.बालअधिकारका सिद्धान्तहरू

३.नागरिक अधिकार र स्वतन्त्रता

४.पारिवारिक वातावरण र वैकल्पिक हेरचाह

५.आधारभूत स्वास्थ्य र कल्याण

६.शिक्षा, फुर्सद, मनोरञ्जन र सांस्कृतिक क्रियाकलापहरू

७.विशेष संरक्षणका उपायहरू



- **बालअधिकारसम्बन्धी महासन्धि, १९८९ बालबालिकाको सहभागिताको अधिकार सुनिश्चित गर्ने पहिलो मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज** हो ।
- संयुक्त राष्ट्रसङ्घीय **बालअधिकारसम्बन्धी महासन्धि, १९८९** ले **बालबालिकासँग सरोकार राख्ने विषयमा उनीहरूको सहभागिता** प्रवर्द्धन गर्न सैद्धान्तिक आधार दिन्छ । आफूलाई असर गर्ने मुद्दा, विषयवस्तु र प्रक्रियामा बालबालिकाको सहभागिताको अधिकारलाई महासन्धिले सम्बोधन गरेको छ ।
- **केही प्रत्यक्ष सम्बन्धित प्रावधानहरू...**

# बालबालिकाको सुनुवाइको अधिकार (धारा १२)



- धारा १२ को प्रावधानले **बालबालिका तथा किशोरकिशोरीलाई स्वतन्त्रतापूर्वक आफ्नो विचार अभिव्यक्त गर्ने र त्यसरी व्यक्त गरिएका विचारहरूलाई बालबालिकाको बढ्दो उमेर र परिपक्वताको आधारमा सुनिनुपर्ने र उचित सम्मान गरिनुपर्ने** अधिकार सुनिश्चित गरेको छ ।

- 'बालबालिकालाई सुनिनुपर्ने अधिकार' लाई बालअधिकारसम्बन्धी महासन्धि, १९८९ का चारवटा **सामान्य सिद्धान्तहरूमध्ये एक सिद्धान्त**का रूपमा समेत स्वीकार गरिएको छ । यसर्थ, यो प्रावधान महासन्धिमा व्यवस्था गरिएका अन्य बालअधिकारहरूको कार्यान्वयनका सन्दर्भमा पनि 'कसी' को रूपमा उपयोग गर्न सकिन्छ ।

# बालअधिकारसम्बन्धी महासन्धि, १९८९ का बालसहभागितासम्बन्धी व्यवस्था

- धारा १३ को प्रावधानले **बालबालिकाले खासगरी आफूलाई आवश्यक सूचना खोज्ने, प्राप्त गर्ने र तिनको प्रवाह गर्ने लगायत उनीहरूको अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अधिकार**लाई सुनिश्चित गरेको छ ।
- धारा १५ को प्रावधानले **संस्था/सङ्गठन खोल्ने र शान्तिपूर्ण भेला हुन पाउने बालबालिकाको अधिकार** सुनिश्चित गरेको छ ।
- धारा १६ को प्रावधानले **गोपनियताको अधिकार**लाई सुनिश्चित गरेको छ ।
- **उपयुक्त सूचानप्रतिको पहुँच (धारा १७)** राष्ट्रले बालबालिकाको विविध श्रोतबाट प्राप्त हुने सूचना र सामग्रीप्रतिको पहुँच सुनिश्चित गर्नेछ, बालबालिकाको लागि सामाजिक वा सांस्कृतिक रुपमा फाइदाजनक सूचना प्रसार गर्न संचार माध्यमलाई प्रोत्साहान गर्नेछ र हानिकारक सामग्रीबाट बालबालिकालाई संरक्षण गर्न कदम चाल्नेछ ।



# बालअधिकारसम्बन्धी महासन्धि, १९८९ का बालसहभागितासम्बन्धी व्यवस्था

- **अपाङ्गता भएको बालबालिकाको अधिकार (धारा २३)** अपाङ्गता भएका बालबालिकाको विशेष हेरचाह, शिक्षा र तालिम पाउने अधिकार छ । सम्मानजनक रुपमा मर्यादित जीवन यापन गर्न र सम्भव भएसम्मको उच्च कोटीको आत्मनिर्भरताको विकास गर्न र समाजको मुलधारमा समाहित हुने अधिकार छ ।
- **फूर्सद, मनोरञ्जन सांस्कृतिक क्रियाकलापमा भाग लिन पाउने अधिकार (धारा ३१)** बालबालिकालाई फुर्सद लिन, खेल्न र सांस्कृतिक र कलात्मक क्रियाकलापहरूमा भाग लिने अधिकार छ ।




# उल्लिखित प्रवाधानको अध्ययन-विश्लेषण गर्दा...


- महासन्धिले आफ्ना अधिकारको परिपूर्तिका लागि बालबालिकालाई **'नागरिकका रूपमा' (as Citizens) र 'सक्रिय कर्ताका रूपमा' (as Active Actors)** रूपमा लिई सहभागी हुन पाउने बालबालिकाको अधिकारलाई सम्मान गर्दै नैतिकतापूर्ण र अर्थपूर्ण तरिकाले सहभागी हुनका लागि अवसर सिर्जना गर्ने आधारभूत दायित्व वयस्क व्यक्ति तथा संस्थालाई सुम्पेको छ।

*(साभार: सेभ द चिल्ड्रेन फिन्ल्यान्ड, वाटरएड र नेवा, २०११, खानेपानी, सरसफाई र स्वास्थ्य परियोजनामा नैतिकतापूर्ण तथा अर्थपूर्ण बालसहभागिता प्रवर्द्धनका लागि मार्गनिर्देशिका (लेखन: चन्द्रिका खतिवडा), पृ. ४०-४१ का आधारमा तयार गरिएको ।)*



# नेपालको संविधान (२०७२) मा बालसहभागिताबारे भएको व्यवस्था



# बालसहभागितासम्बन्धी संवैधानिक अधिकार

- नेपालको संविधान (२०७२) को धारा ३९(३) मा **'प्रत्येक बालबालिकालाई ... बालसहभागिताको हक हुनेछ'** भन्ने व्यवस्था छ ।

- त्यसरी नै, संविधानमा प्रत्येक नागरिक (बालबालिका सहित) लाई-
  - **'विचार र अभिव्यक्तिको स्वतन्त्रता', 'विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता', 'सङ्घ र संस्था खोल्ने स्वतन्त्रता'** हुने (धारा १७),
  - **'विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार... लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न'** पाइने (धारा १९),
  - **आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने'** (धारा २७) *(तर कानूनबमोजिम गोप्य राख्नुपर्ने सूचना दिन बाध्य नहुने)*, आदि ।

# बालबालिकासम्बन्धी ऐन, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का बालसहभागितासम्बन्धी व्यवस्था



# बालबालिकासम्बन्धी ऐन, २०७५

- आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई **आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुने** (दफा ८)।

- **अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार** (दफा ९): (१) प्रत्येक बालबालिकालाई प्रचलित कानूनबमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्ने अधिकार हुने।
- प्रत्येक बालबालिकालाई बालअधिकारको प्रवर्द्धन तथा बालसंरक्षणको लागि **बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुने**छ (दफा १० को उपदफा (१))।
- **अपाङ्गता भएका प्रत्येक बालबालिकालाई आफ्नो मानप्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रिय रूपले सहभागी हुने तथा सम्मानजनक रूपमा बाँच्न पाउने** अधिकार हुनेछ (दफा १२ (२)।

...क्रमश...

- बालबालिकालाई ...राष्ट्रिय मापदण्डअनुरूपको **शारीरिक तथा मानसिक स्वास्थ्य सेवा उपभोग गर्न पाउने, उमेर र परिपक्वताअनुसार शरीर, प्रजनन तथा प्रजनन स्वास्थ्यसम्बन्धी जानकारी पाउने अधिकार** हुनेछ (दफा १३(२) ।

- प्रत्येक बालबालिकालाई **आफ्नो उमेर, रूचि र आवश्यकताअनुसार- (क) खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार, (ख) बालमैत्री मनोरञ्जन गर्ने अधिकार, र (ग) आफ्नो हित प्रतिकूल नहुनेगरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्थाअनुरूप सांस्कृतिक क्रियाकलापमा भाग लिने** अधिकार हुनेछ (दफा १४ (१)(३)(४) ।

- बालबालिकासँग सम्बन्धित कार्य गर्ने **प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्ने**छ (दफा १६ (१) ।

# स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बालसहभागिता

- गाउँपालिकाले वा नगरपालिकाले **योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवी, .... महिला, ... बालबालिका, ... युवा, ... अपाङ्गता भएका व्यक्ति, ... लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा गर्नु पर्ने**छ (दफा २४ (५)) ।


- त्यसैगरी ऐनमा, ... कार्यपालिकाले वडा समितिको काम, कर्तव्य र अधिकार तोक्दा कम्तीमा देहायबमोजिम हुनेगरी तोक्नुपर्ने (दफा १२ (२) (ग. विकास कार्य)):
  - (१) **बाल उद्यानको व्यवस्था** गर्ने,
  - (२) अनौपचारिक शिक्षा कार्यक्रम, **शिशु स्याहार तथा प्रारम्भिक बालविकास केन्द्र, सञ्चालन** र व्यवस्थापन गर्ने,
  - (३) **पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लब तथा बाल-सञ्जालको सञ्चालन र व्यवस्थापन** गर्ने,

...क्रमश...

- (४) वडा तहको **स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन** गर्ने,
- (५) **खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन** तथा समन्वय गर्ने,

- (६) **पोषण कार्यक्रमको सञ्चालन** तथा समन्वय गर्ने,
- (७) वडा तहमा **स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन** गर्ने,

- (१९) वडाभित्र **खेलकुद पूर्वाधारको विकास** गर्ने,
- (२०) **अन्तरविद्यालय तथा क्लबमार्फत खेलकुद कार्यक्रमको सञ्चालन** गर्ने गराउने, आदि ।




# बालमैत्री स्थानीय शासनका ‘बालसहभागिता’ सम्बन्धी सूचकहरू

- स्थानीय तहमा समावेशी आधारमा **बालसञ्जाल गठन भई क्रियाशील** (न्यूनतम वार्षिक तीनवटा बैठक, तीनवटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् (नं.३१, ९५ प्रतिशत पूरा गर्नुपर्ने) ।
- स्थानीय तहका **वस्ती वा टोल र विद्यालयमा समावेशी आधारमा बालक्लब गठन भई क्रियाशील** (न्यूनतम वार्षिक तीनवटा बैठक, तीनवटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् (नं. ३२, ९५ प्रतिशत पूरा गर्नुपर्ने) ।
- पाँच कक्षाभन्दा माथि अध्ययन अध्यापन हुने **विद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व** रहनेछ (नं. ३३, १०० प्रतिशत पूरा गर्नुपर्ने) ।
- **स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लब/सञ्जालको प्रतिनिधित्व** रहनेछ (नं. ३४, १०० प्रतिशत पूरा गर्नुपर्ने) ।
- स्थानीय तहमा रहेका **बालबालिकासम्बन्धी सरोकारका संरचना/समितिहरूमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता** सुनिश्चित गरिएको हुनेछ (नं. ३५, ९० प्रतिशत पूरा गर्नुपर्ने) ।
- **बालभेलाबाट माग भई आएका योजनाहरू स्थानीय तहको योजनामा समावेश** भएका हुनेछन् (नं. ३६, १०० प्रतिशत पूरा गर्नुपर्ने)




# बालसहभागिताबारे केही अवधारणागत पक्ष...

# ‘सक्षम बनाउने अधिकार’का रूपमा सहभागिता (बालबालिकाको अन्य अधिकारहरूलाई परिपूर्ति गर्ने उपायका रूपमा)

- बालबालिकाको विचार अभिव्यक्त गर्ने अधिकार र आफूलाई प्रभाव पार्ने विषयमा उनीहरूको विचारको उचित सुनवाइ हुनुपर्ने अधिकारले सामान्यतया: बालबालिकालाई अधिकारका धारकका रूपमा स्वीकार गर्दछ।

- **सहभागिताले बालबालिकालाई आफ्नो अधिकारको मागदाबी गर्ने अख्तियारी दिन्छ,** जबकि **बालबालिकाको ‘निर्णयप्रक्रियामा सहभागी हुन पाउने’ अधिकार**ले बालक वा बालिकालाई व्यक्तिगत रूपमा र सामुहिक रूपमा अधिकार (आफ्नो र आफ्ना दौंतरीहरूसमेतको अधिकारको कार्यान्वयनका लागि ‘सक्रिय कर्ता’का रूपमा मान्यता दिन्छ।



# बालसहभागिता एउटा प्रक्रियाका रूपमा...

- 'बालसहभागिता कुनै एक कार्यक्रम/क्रियाकलापमुखी मात्र अर्थात् एकपटकमा सकिने क्रियाकलापका रूपमा नभई 'दीर्घकालीन पद्धति र दिगो प्रतिबद्धतासहित सञ्चालन गरिनु आवश्यकता पर्दछ ।
- यसर्थ, बालसहभागितालाई बालबालिकाको दैनिक जीवनका वास्तविकतासँग मेल खानेगरी समन्वय गरिनुपर्दछ र परिवार एवम् समुदायको अनौपचारिक सन्दर्भमा बालसहभागिता प्रवर्द्धन गर्न र अभ्यास बढाउन जोड दिइनुपर्दछ ।
- यसका लागि बालबालिका र वयस्कहरूबीच आपसी सम्मान र विश्वासमा आधारित भएर सम्बन्ध विस्तार गरी सहकार्य गर्नु आवश्यक हुन्छ ।
- बालसहभागिताले समयक्रममा बालबालिका र वयस्क (व्यक्तिगत तथा संस्थागत दुवै क्षमतामा) ले मिलेर सहकार्य गर्ने नयाँ उपायहरूको विकास हुन्छ ।'

*(साभार: सेभ द चिल्ड्रेन स्वीडेन, जोआकिम थेइस, २००४, Promoting Rights-based Approaches (अधिकारमा आधारित पद्धतिहरूको प्रवर्द्धन), पृ. ११३*

# सहभागिता एक संस्कृतिका रूपमा

- घररिवार, समुदाय र स्थानीयतहका संरचनाहरूमा वयस्कले बालबालिकालाई दिइने सहयोगपूर्ण वातावरणले नै खास रूपमा बालसहभागिता निक्यौंल गर्दछ ।
- त्यसोभए के वयस्कहरू–
  - अ) बालबालिकासँग कुराकानी वा सञ्चार-संवाद गर्दछन् ?,
  - आ) बालबालिकाले व्यक्त गरेका विचार, अभिव्यक्ति र उनीहरूका सरोकारका विषयलाई उनीहरूले भनेझैं सुन्दछन् र तिनलाई उचित महत्व दिन्छन् ?,
  - इ) बालबालिकालाई निर्णयप्रक्रियामा संलग्न गराउँदछन् ?,
  - ई) बालबालिकाको सशक्तीकरणका लागि उचित अवसरहरू दिन्छन् ?,
  - उ) बालबालिकाबाट सिक्न तत्पर रहन्छन् र बालबालिकाको दृष्टिकोणलाई उचित मान्यता दिन्छन् ? र,
  - ऊ) बालसहभागिता प्रवर्द्धन गर्नेगरी क्रियाकलापहरूको तर्जुमा गर्दछन् र प्रक्रियाहरूलाई सहजीकरण गर्दछन् ?
- बालसहभागिताका सन्दर्भमा सम्बोधन गरिनुपर्ने यी केही आधारभूत सवालहरू हुन् ।

- बालसहभागिताको सन्दर्भमा, वयस्कहरूले अनौपचारिक वा औपचारिक दुवै सन्दर्भमा के म/हामी–
  - अ) पद्धति तथा प्रक्रियाहरूमा नयाँ एवं रचनात्मक स्वरूप दिनका लागि खुल्ला छु/छौं,
  - आ) बालबालिकासँग अन्तर्क्रिया तथा सञ्चार-संवादमा लोकतान्त्रिक मूल्य/मान्यता एवम् प्रक्रियालाई आत्मसात गर्दछु/छौं, र
  - इ) बालसहभागिता प्रवर्द्धन गर्ने विधिगत प्रक्रियाहरूबारे राम्रो जानकारी राख्दछु/छौं र त्यसमा दक्ष छु/छौं?
  - भनी आफूहरूलाई नै नियाल्नु आवश्यक हुन्छ ।

# बालबालिकाको सशक्तीकरण गर्ने विधिको रूपमा बालसहभागिता...

- बालबालिकाको विकासका लागि उनीहरू स्वयंलाई सशक्तीकरण गर्न बालसहभागिताको महत्वपूर्ण भूमिका हुन्छ ।
- **बालिका वा बालकले सहभागितामार्फत– अ) महत्वपूर्ण जीवनउपयोगी सीप र ज्ञान सिक्न सक्दछन्, र आ) अधिकार हनन् हुन नदिन र अधिकार हनन् भएको अवस्थामा त्यसलाई सम्बोधन गर्न सक्रियता देखाउन** सक्दछन् ।
- विभिन्न उमेर, पृष्ठभूमि र अनुभवहरू भएका बालिका र बालकहरूले आफ्ना अधिकारबारे बुझेमा र तिनको 'मागदाबी' गरेमा तथा अधिकार परिपूर्तिका लागि योगदान गर्न सकेमा नै बालसहभागितासम्बन्धी पहलहरू सुदृढ हुन्छन् ।
- यो बढ्दो रूपमा स्वीकारिएको छ कि बालबालिकासँग परामर्श गर्नु भनेको बालबालिकाका सरोकारका विषयमा बनाइने नीति तथा अभ्यासहरूलाई प्रभावकारी हुनेछन् भनी सुनिश्चित गर्ने एक व्यावहारिक उपाय पनि हो ।

**बालबालिका**

**आमाबाबु वा अभिभावक, शिक्षक, गाउँ वा नगरपालिकाका प्रतिनिधि, स्थानीय बालअधिकार समिति, स्थानीय तहका सरकारी निकाय, प्रहरी, प्रदेश तहका निकाय, राष्ट्रिय बालअधिकार परिषद, विभिन्न सङ्घीय मन्त्रालय, न्यायालय आदि ।**

**अधिकारको धारक**का रूपमाः

- आफ्नो **अधिकारबारे सुसूचित र जानकार** छन्,
- आफ्नो **अधिकारको मागदावी गर्न अभिव्यक्तिको अवशर** पाएका छन्,
- **बालअधिकार हनन् भएको स्थितिमा आवाज उठाउनेछन्**, र
- यसबारे **उजुरी गर्ने ठाउँ र आवाज सुन्ने निकाय एवम् प्रक्रिया उपलब्ध भएको** हुनेछ ।

**उत्तरदायित्व बहनकर्ताका रूपमा वयस्क व्यक्ति र निकायलेः**

- बालबालिकाप्रतिको **आफ्नो उत्तरदायित्वबारे बुझेका हुनेछन्** र त्यसलाई स्वीकार गर्नेछन्,
- आफूलाई दिइएको **उत्तरदायित्व पुरा गर्ने अख्तियारी (Authority) दिइएको** हुनेछ,
- आफ्ना उत्तरदायित्व पुरा गर्न **आवश्यक पर्ने आर्थिक, मानवीय तथा संस्थागत स्रोत, सधन र संरचना उपलब्ध** हुनेछ ।

**सशक्तिकरण**
(Empowerment)

**सवलीकरण**
**(Enabling or Enhancing capacity)**

**नागरिक समाज**
(व्यक्ति र संस्था...)





# बालसहभागिताका प्रक्रियाहरू

*(साभार: बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम), २०६९, बालअधिकार समितिको सामान्य टिप्पणी नं. १२ (२००९): बालबालिकाको सुनवाइको अधिकार (अनौपचारिक नेपाली अनुवाद), पृ. ४९-५२, अनुच्छेद सङ्ख्या १३४)*

# क) पारदर्शिता र सुसूचित

- आफ्नो विचार स्वतन्त्र रूपमा अभिव्यक्त गर्न र आफ्नो विचारलाई महत्व दिइनुपर्ने अधिकारका सम्बन्धमा तथा सहभागिता कहाँ हुन्छ, यसको क्षेत्र वा दायरा के हो, यसको उद्देश्य के हो र यसले सम्भावित के-कस्ता परिणामहरू ल्याउँदछन् भन्नेबारे बालबालिकालाई पहुँचयोग्य रूपमा विविधता-संवेदी र उमेर-उपयुक्त किसिमबाट सूचनाजानकारी दिइनुपर्दछ।




## ख) स्वयंसेवी


- बालबालिकालाई उनीहरूको आफ्नो इच्छाविरूद्ध विचार व्यक्त गर्न दबाव दिइनुहुँदैन र आफूहरूले कुनै पनि प्रक्रियाको कुनै चरणमा सहभागी हुनबाट आफूलाई अलग गर्न सक्नेबारे उनीहरू सूचित हुनुपर्दछ ।



## ग) सम्मानपूर्ण




- बालबालिकाको विचारलाई सम्मानका साथ लिइनुपर्ने,
- बालबालिकालाई आफैं आफ्ना विचार व्यक्त गर्न र क्रियाकलापहरू सुरूवात गर्न अवसरहरू दिइनुपर्ने,
- बालबालिकाका कुरा बुझ्न सक्ने, उनीहरूलाई सम्मान गर्ने र बालबालिकाको सहभागिताका राम्रो उदाहरणहरू सिर्जना गर्नसक्ने खालका वयस्कले बालबालिकासँग काम गर्नुपर्ने,



## घ) सान्दर्भिकता

- बालबालिकाले आफ्ना विचार व्यक्त गर्न पाउने अधिकारसँग सम्बन्धित विषयहरू उनीहरूको जीवनको वास्तविकतासँग सम्बन्धित हुनुपर्ने,
- उनीहरूको ज्ञान, सीप र क्षमता बढाउन सहयोग पुऱ्याउने किसिमबाट गरिएको हुनुपर्दछ। साथसाथै, यसको लागि बालबालिकालाई आफूले पहिचान गरेका विषयहरू सान्दर्भिक र महत्वूर्ण भएको कुरा जोड दिनसक्ने बनाउन र तिनलाई सम्बोधन गर्न उनीहरूलाई सक्षम बनाउने खालका उपयुक्त स्थान/अवसर दिइनु पनि आवश्यक हुन्छ।



## ङ) बालमैत्री

- बालबालिकाको क्षमताअनुरूप सहभागिताको वातावरण र कार्यविधिहरूको छनौट तथा पहिचान गर्नुपर्ने,
- बालबालिकालाई सहभागी हुनका लागि पर्याप्त समय र स्रोतहरू उपलब्ध गराइएको हुनुपर्ने,
- बालबालिकाले आफ्नो उमेरअनुरूप एवं क्षमताअनुसार संलग्न हुने विभिन्न स्वरूपहरू उपलब्ध हुनुपर्ने ।



# च) समावेशी

- विद्यमान भेदभावको स्वरूपहरूलाई अस्वीकृत गर्ने,
- सीमान्तकृत बालबालिका, बालिका तथा बालकहरू दुवैको लागि समान अवसरहरू उपलब्ध गराएर उत्साहपूर्वक संलग्नता गराउने,
- बालसहभागितासम्बन्धी कार्यक्रमहरू समुदायका सबै बालबालिकाका लागि सांस्कृतिक रूपमा संवेदनशील हुने गरी सुनिश्चित गर्ने ।



## छ) तालिम दिएर सहयोग गर्ने

- बालबालिकाको प्रभावकारी सहभागिता प्रवर्द्धन गर्ने सहजीकरणका लागि वयस्कहरूको सीपविकास गर्ने,
- प्रभावकारी सुनाइ सीप, बालबालिकासँग सहकार्य गर्ने र प्रभावकारी रूपमा उनीहरूको उदयोन्मुख क्षमताअनुरूप हुनेगरी संलग्न गराउने जस्ता सीपहरू वयस्कहरूलाई दिइनुपर्ने,
- बालबालिकालाई आफ्ना अधिकार, बैठक आयोजना गर्नको लागि तालिम, स्रोतकोष बढाउने (फन्ड रेजिङ), सञ्चारका माध्यमहरूसँग कसरी सामना गर्ने, सार्वजनिक भाषणकला र पैरवीलगायतका विषयहरूमा




# ज) सुरक्षित र जोखिमबारे संवेदनशीलता

- बालबालिकामाथि हुनसक्ने हिंसा, दूर्व्यवहार वा उनीहरूको सहभागिताबाट उत्पन्न हुनसक्ने कुनै पनि नकारात्मक परिणामसम्बन्धी जोखिमलाई न्यूनीकरण गर्न आवश्यक सबै उपायहरू पूर्ववत् नै अपनाउनुपर्ने,
- केही बालबालिकाको समूहले सामना गर्नुपर्ने निश्चित खालका जोखिमहरूलाई सम्बोधन गर्ने गरी, उनीहरूले सामना गर्नुपर्ने थप अवरोधहरूमा सहयोग गर्ने गरी र उनीहरूको संरक्षण सुनिश्चित गर्नको लागि स्पष्ट बालसंरक्षण रणनीतिको विकास गर्नुपर्ने,
- सबै बालबालिकाले जोखिमबाट सुरक्षित हुनुपर्ने आफ्नो अधिकारबारे सचेत हुने र आवश्यक परेमा सहयोगको लागि कहाँ जाने भन्नेबारे जान्नुपर्ने,



# झ) जवाफदेही

- आफूले व्यक्त गरेका विचार कहाँ र कसरी प्रयोग हुन्छ, ती विचारले समग्र विश्लेषणलाई कसरी प्रभाव पार्न सक्दछ भन्नेबारेमा बालबालिकालाई जानकारी दिनुपर्ने,
- कुनै पनि नतिजाहरूलाई बालबालिकाको सहभागिताले कसरी प्रभाव पारेको छ भन्ने बारेमा स्पष्ट पृष्ठपोषण गर्ने,
- बालबालिकालाई अधिकारका धारक तथा सरोकारवालाका रूपमा लिइनुपर्ने,
- बालबालिकाको सहभागितासम्बन्धी अनुगमन र मूल्याङ्कन सम्भव भएसम्म बालबालिका आफैले गर्नु राम्रो हुने,



धन्यबाद ।